# कार्यमूलक अनुसन्धानसँग शिक्षक : दृष्टिकोण, समस्या र अपेक्षा

https://doi.org/10.3126/tej.v11i1.54453

**महेन्द्र न्यौपाने**
mneupane607@gmail.com

**Article History**

| Received | Revised | Accepted |
|---|---|---|
| 20th December, 2022 | 22nd January, 2023 | 5th February, 2023 |

## लेखसार

शैक्षिक क्षेत्रमा कार्यमूलक अनुसन्धानले प्रभावकारी शिक्षण र पेसागत विकासका लागि शिक्षक अनुसन्धानकर्ताको ध्यान आकर्षित गरेको पाइन्छ । सिकाइ सहजीकरणका क्रममा शिक्षकले भोगेका समस्या समाधान गर्न प्रभावकारी रूपमा कार्यमूलक अनुसन्धान सञ्चालन गर्न शिक्षकमा कार्यमूलक अनुसन्धान सिप र यसका आधारभूत पक्षको जानकारी आवश्यक हुन्छ । कार्यमूलक अनुसन्धानका बारेमा शिक्षकको दृष्टिकोण र यससम्बन्धी उनीहरूले भोगेका समस्या र अपेक्षाको पहिचान गर्न सकिएको खण्डमा शिक्षकमा अनुसन्धानप्रतिको उत्प्रेरणा जगाउन सक्ने हुनाले यस लेखले कार्यमूलक अनुसन्धानका सम्बन्धमा शिक्षकको धारणा, अनुभव र अपेक्षालाई उजागर गर्ने उद्देश्य राखेको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित भई यस लेखमा माध्यमिक तहका पाँच जना नेपाली भाषा शिक्षकलाई सहभागीका रूपमा लिई अन्तर्वार्ताका माध्यमबाट प्राप्त सूचनालाई रूपान्तरण, समूहीकरण र थिममा आबद्ध गरी अर्थापनसहित विश्लेषण गर्दै पूर्वसाहित्यसँग तुलनात्मक विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। अध्ययनको प्राप्तिअनुसार नेपालको विद्यालय तहका शिक्षकमा कार्यमूलक अनुसन्धानको अवधारणा र यसको उपदेयताका सम्बन्धमा स्पष्टता भए पनि यसको कार्यान्वयनका सन्दर्भमा शिक्षकको अधिक कार्यबोझ, अनुसन्धानको वातावरणको अभाव, अनुसन्धानका लागि वृत्तिको अनुपलब्धता तथा कार्यमूलक अनुसन्धानको उचित मूल्याङ्कनको अभाव, अनुसन्धानलाई शिक्षकको वृत्ति विकाससँग जोड्न नसक्नु जस्ता कारणले कार्यमूलक अनुसन्धानलाई प्रभावकारी ढङ्गले उपयोग गर्न नसकिएको जस्ता कारणले समस्या उत्पन्न भएकाले व्यावहारिक र प्रयोगात्मक ढङ्गले कार्यमूलक अनुसन्धान गर्ने सिप विकास गर्न नसकिएको कारण शिक्षकको निरन्तर पेसागत विकासको औजारका रूपमा यसलाई सार्थक रूपमा उपयोग गर्न नसकिएको निष्कर्ष निकालिएको छ। कार्यमूलक अनुसन्धानको सिप शिक्षकहरूमा विकास गरी यसलाई शिक्षकको निरन्तर पेसागत विकासको माध्यमका रूपमा उपयोग गरी यसका माध्यमबाट शैक्षिक गुणस्तरमा सुधार गर्नु आवश्यक छ ।

**मुख्य शब्दावली**:कार्यमूलक अनुसन्धान, निरन्तर पेसागत विकास, वृत्तिविकास, अनुसन्धान प्रक्रिया, प्रतिबिम्बन ।

## विषय प्रवेश

शिक्षण एक पेसा हो । शिक्षण पेसामा संलग्न हुनका लागि निश्चित पेसागत ज्ञान हुनु आवश्यक छ । शिक्षण पेसामा संलग्न हुनु अगाडिदेखिकै निरन्तरको अध्ययन तथा पेसागत विकासको तयारीबाट शिक्षकको पेसागत गुणको विकास हुन्छ । शिक्षक दक्षताको विकासका लागि निरन्तर पेसागत विकास कार्यक्रमको आवश्यकता पर्ने आवश्यकता रहेको विभिन्न अनुसन्धानहरूले देखाएका छन् । Diaz-Maggioli (2004) पेसागत विकासलाई पेसागत जीवनजत्तिकै लामो प्रक्रियाका रूपमा परिभाषित गर्दै यसले शिक्षणलाई प्रभावकारी बनाउँदै विद्यार्थीको आवश्यकताअनुसार बनाउन सघाउने विचार व्यक्त गर्दछन् । उनका अनुसार दूरदृष्टियुक्त पेसागत विकासमा सहकार्यात्मक निर्णय प्रक्रिया, वृद्धिउन्मुख ढाँचा, कार्यक्रम सफलतामा सामूहिक प्रयास, खोजीमा आधारित विचार, सुहाउँदो सहायता प्रणाली, सन्दर्भको विशिष्ट कार्यक्रम, वयस्ककेन्द्री शिक्षण पद्धति जस्ता विशेषता निहित हुन्छ । थुप्रै शिक्षकहरू विद्यार्थीको मस्तिष्कमा ज्ञान हस्तान्तरण गर्ने बैङ्किङ पद्धति (फ्रेरे, १९९३) बाट परिवर्तन भई अनुसन्धानमा आधारित शिक्षण पद्धतिको खोजीमा लागेकाले शिक्षक शिक्षा प्रदानकर्ताहरू पनि शिक्षकलाई

अनुसन्धानका अभ्यासकर्ता ठान्दै अनुसन्धानमा आधारित शिक्षक सिकाइको उपयुक्त विधिको खोजीमा लागेका छन् (Zeicher, 2009)। जब शिक्षक आफ्नो अभ्यासमा अनुसन्धानलाई उपयोगमा ल्याउँछन् तब शिक्षक ज्ञानको हस्ताररण गर्ने नमुनाबाट आफूलाई विद्यार्थीकेन्द्रित ढाँचामा अग्रसर बनाउँछन् अनि दक्ष र विज्ञ व्यक्तिले दिएका ज्ञानमा मात्र सीमित नरही आफैँ ज्ञानको निर्माणकर्ताका बन्दछन् (Cochran-Smith & Lytle, 2009)। शिक्षक अनुसन्धानले विद्यार्थीकेन्द्रित शैक्षणिक पद्धतिको साधन तथा शिक्षणका समस्यालाई प्रस्तुत गर्ने अवसर मात्र दिँदैन (Souto-Manning, 2012) बरु कक्षाकोठा र विद्यालयमा अभ्यासका क्रममा आइपर्ने समाधान खोजीको गर्न भूमिका निर्वाह गर्ने साधनको रूपमा भूमिका निभाउँछ (Baumann & Duffy, 2001)। शिक्षकका लागि अनुसन्धान त्यस्तो साधनका रूपमा रहन्छ जहाँ शिक्षकले आफ्नो नियमित र निर्धारित कार्यका अतिरिक्त आफ्नो पेसागत विकासमा संलग्न गराई शिक्षण र सिकाइलाई प्रभावकारी बनाउनका साथै शिक्षकको पेसागत विकासका लागि सहयोग गर्दछ (Moran, 2007, Lysaker & Thompson, 2013)। यसप्रकार शिक्षणमा अनुसन्धानको महत्त्व रहेको महसुस गर्न थालियो ।

ब्रिटिस अनुसन्धानकर्ता लरेन्ट स्टेनहाउसको सन् १९७० को दशकमा शिक्षकलाई आफ्नै अनुसन्धानमा आधारित सक्रिय अनुसन्धानकर्ता बनाएर सक्षम बनाउन सकिन्छ भन्ने विचारको महत्त्वपूर्ण भूमिका छ । स्टेनहाउसको सन् १९७५ मा प्रकाशित 'पाठ्यक्रम, अनुसन्धान र विकासको परिचय' नामक पुस्तकभित्रको 'शिक्षक एक अनुसन्धानकर्ताका रूपमा' नामक एकाइमा शिक्षकले आफ्नै शिक्षणमाथिको प्रतिबद्धतासहितको व्यवस्थित प्रश्न गर्नु भनेको विकासको आधार हो भन्ने तर्क अगाडि सारेका छन् (Pelton, 2010)। यसपछि अनुसन्धानका क्षेत्रमा शिक्षक एक अनुसन्धानकर्ता हो भन्ने धारणा तथा अनुसन्धानको एक शाखाको रूपमा कार्यमूलक अनुसन्धान स्थापित हुन पुग्यो। Ovens (2000) अनुसन्धानकर्ता शिक्षकको भूमिकाको चर्चा गर्दै उनीहरूले गर्ने अनुसन्धानले दैनिक कक्षाकोठाको जीवनमा आइपर्ने प्रश्नहरूको उत्तरको खोजी गर्ने, विद्यार्थीको सामाजिक र प्राज्ञिक व्यवहारको व्यावहारिक समाधानको उपायहरूको खोजी तथा शिक्षक आफ्नै व्यवहार तथा विद्यार्थी उपलब्धि सुधारका लागि योगदान पुग्ने विचार व्यक्त गर्दछन् । प्रभावकारी सिकाइका लागि शिक्षक विद्यार्थी र विद्यालयका विविध पक्षका बारेमा जानकार हुनुपर्ने भएकाले शिक्षकको पेसागत विकासका लागि अनुसन्धान गर्नु आवश्यक देखिन्छ। कार्यमूलक अनुसन्धानमा संलग्न शिक्षकले शिक्षणकै क्रममा कक्षाकोठा र विद्यालयका समस्या समाधान गरी प्रभावकारी शिक्षण गर्नका साथै आफ्नो पेसागत विकास समेत गर्दछ । यसर्थ वर्तमान समयमा कार्यमूलक अनुसन्धानलाई शिक्षकले महत्त्व दिनुपर्दछ भन्ने आवाज उठेको पाइन्छ।

नेपालको विद्यालय तहका शिक्षकको पेसागत विकासका कार्यक्रम विगतमा परम्परागत ढाँचाले अगाडि बढेको भए पनि वर्तमानमा नवीन अभ्यासहरूको थालनी भएको देखिन्छ। यस क्रममा कार्यमूलक अनुसन्धानका माध्यमबाट शिक्षकको पेसागत विकास गर्नुपर्ने नीतिगत र व्यवाहारिक अभ्यासको समेत थालनी भएको छ । शिक्षकलाई शिक्षणका समस्याको समाधानकर्ता तथा ज्ञानको उत्पादनकर्तासमेत बनाई प्रभावकारी सिकाइ सहजीकरणका सक्षम बनाउन कार्यमूलक अनुसन्धानलाई उपयोग गर्नुपर्दछ भन्ने मान्यताले स्थान पाएको देखिन्छ । यसका लागि शिक्षकमा प्रभावकारी अनुसन्धान सिप, दक्षता र अभ्यास हुनु आवश्यक छ। भाषिक, सांस्कृतिक, भौगोलिक विविधतायुक्त मुलुकमा केन्द्रीय तहबाट पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी लागु गर्ने क्रममा अनेकौँ समस्याहरू आइपर्छन् । जसलाई समाधान गरी प्रभावकारी शिक्षण गर्नु शिक्षकको दायित्व रहेको देखिन्छ। नेपालमा विद्यालय तहका शिक्षकको वृत्तिविकासको आधारका रूपमा कार्यमूलक अनुसन्धानलाई लिइएको भए पनि यसको अभ्यास प्रभावकारी हुन नसकेको विभिन्न अध्ययनहरूले देखाएका छन् । यसर्थ विद्यालय तहका नेपाली भाषा शिक्षकमा कार्यमूलक अनुसन्धानका बारेको बुझाइ, गराइ र यसको सञ्चालनका क्रममा भोगेका समस्या अनि उनीहरूको पेसागत विकासका लागि त्यसको उपयोगको अवस्था कस्तो छ भन्ने कुरा पत्ता लगाई त्यसको प्रभावकारिता बढाउने कुरामा केन्द्रित भई यो अनुसन्धानात्मक लेख तयार पारिएको छ। प्रस्तुत अनुसन्धानात्मक लेख शिक्षकको पेसागत

विकास र प्रभावकारी शिक्षणका लागि कार्यमूलक अनुसन्धाननका सम्बन्धमा शिक्षकको दृष्टिकोण कस्तो छ ? तथा कार्यमूलक अनुसन्धानका क्रममा शिक्षकले भोगेका समस्या र शिक्षकका अपेक्षा अपेक्षा कस्तो छ ? भन्ने अनुसन्धान प्रश्नको जवाफको खोजीमा केन्द्रित छ ।

## शिक्षकको पेसागत विकास र कार्यमूलक अनुसन्धान

शिक्षकको पेसागत विकासलाई कार्यमूलक अनुसन्धानसँग जोडेर हेर्न सकिन्छ । कार्यमूलक अनुसन्धानले शिक्षकलाई समस्याको पहिचान गर्न, समाधानको योजना बनाउन र उक्त योजनालाई प्रभावकारी कार्यान्वयन गर्न अभ्यस्त बनाउँछ । शिक्षण सिकाइका क्रममा अनेकौं समस्याहरू आइपर्दछन् । यसरी शिक्षण सिकाइका सन्दर्भमा आइपर्ने समस्यालाई आफ्नै अभ्यासका आधारमा प्रतिबम्बन र सुधार गर्दै आफ्नो पेसागत विकास गर्ने महत्त्वपूर्ण माध्यम वा साधनका रूपमा कार्यमूलक अनुसन्धानले भूमिका निर्वाह गरेको हुन्छ । शिक्षकलाई कार्यमूलक अनुसन्धानमा अग्रसर गराउँदा शिक्षकमा स्थायी पेसागत सुधार गर्न, विद्यालयमा परिवर्तनलाई प्रयोगमा ल्याउन, शिक्षणलाई पेसाका रूपमा विकास गर्न, सिद्धान्त र व्यवहारलाई जोड्न सहयोग पुग्दछ (Castro Garces & Martinez Granada, 2016) । कार्यमूलक अनुसन्धानलाई प्राकृतिक, उपयुक्त र आफ्नै अभ्यासबाट शिक्षकको विकास गर्नका लागि उपयुक्त तरिकाका रूपमा स्वीकार गरिएको छ (Wallace, 1999) । कार्यमूलक अनुसन्धानले शिक्षकमा परिवर्तित समयानुकूल विद्यालय र शिक्षालाई रूपान्तरण गर्न सक्ने क्षमता विकास गर्ने सहयोग गर्दछ । Osmanovic-Zajic, Mamutovic & Maksimovic, (2021) का अनुसार कार्यमूलक अनुसन्धानका सहायताबाट शिक्षकमा सकारात्मक प्रभाव पर्दछ, शिक्षकको आत्मविश्वास बढ्छ अनुसन्धान प्रक्रियाको बारेमा राम्रो बुझाइको विकास हुन्छ अनि राम्रो शिक्षण अभ्यास सिर्जना गरी प्रयोगका लागि उत्प्रेरणा वृद्धि हुन्छ ।

कार्यमूलक अनुसन्धानले शिक्षकमा पेसागत गुणको विकास गर्न सहयोग गर्दछ । पेसागत विकासको मुख्य उद्देश्य शिक्षकमा प्रभावकारी शिक्षण सिपको विकास गर्नु हो । कार्यमूलक अनुसन्धानको मुख्य क्षेत्र भनेकै कक्षाकोठाको हुने सिकाइ सहजीकरण प्रक्रियालाई प्रभावकारी बनाउनु हो । कार्यमूलक अनुसन्धानले सिकाइ वातावरण तयार पार्न, विद्यार्थीसँग छलफल गर्न, पाठयोजना विकास गर्न, गृहकार्य दिन लगायत दैनिक सिकाइ सहजीकरणका क्रममा गर्ने गर्ने सम्पूर्ण कार्यहरूलाई व्यवस्थित बनाई शिक्षणलाई सङ्गठित पार्दछ (Pelton, 2010)। सिकाइ सहजीकरणसँग सम्बन्धित यस्ता कार्यबाट शिक्षकको पेसागत विकासका लागि महत्त्वपूर्ण योगदान पुग्दछ । यो अनुसन्धानले शिक्षणसँग सम्बन्धित विभिन्न विषयहरूमा चिन्तन मनन्, त्यससँग सम्बन्धित तथ्य सङ्कलन, विश्लेषण र प्रयोग, आफैँले गरेका कार्यको पुनरावलोकन लगायतका कार्य गरी शिक्षणका विभिन्न पक्षमा गहिरो दृष्टिकोण विकासका साथै समस्या र अन्योलता निवारण गर्न सक्ने क्षमताको विकासका गराउँछ । जसको कारण शिक्षकको क्षमता विकास हुन्छ । Widdowson (1993) कार्यमूलक अनुसन्धानले सशक्तीकरणको प्रक्रिया अपनाएको तर्क गर्दछन् । (Wallace, 1999 बाट साभार) । यस आधारमा कार्यमूलक अनुसन्धान शिक्षकलाई सशक्त बनाउने एउटा औजार हो । कार्यमूलक अनुसन्धानमा सहभागी शिक्षकले केवल पाठ्यक्रम र पाठ्यपुस्तकको निर्देशनका आधारमा शिक्षण मात्र गर्दैनन् शिक्षणसँग सम्बन्धित विविध पक्षका बारेमा चिन्तन मनन् गरी आइपर्ने समस्याहरूसँग जुधेर उचित समाधनका उपाय पनि अपनाउँछन् । Burns (2010) अनुसन्धानबाट शिक्षक आफ्नै शिक्षण सन्दर्भको एक अनुसन्धानकर्ता तथा अन्वेषणकर्ता, सिकाइ सहजीकरणको एक सहभागीको रूपमा रहन्छ भन्ने तर्क गर्दछन् । आफ्नो क्षेत्रको गहन जानकारीसहित प्रभावकारी सिकाइ सहजीकरण गर्न सक्ने क्षमता कार्यमूलक अनुसन्धानले शिक्षकमा गराउँछ । शिक्षामा सुधार तब मात्र सम्भव हुन्छ जब शिक्षकको क्षमता सुधार हुन्छ । शिक्षकले के सिकेका छन् भन्ने आधारमा पाठ्यक्रममा निर्माणमा समेत पुनर्विचार गर्नुपर्ने हुन्छ (Osmanovic-Zajic et al., 2021) ।
यसर्थ यसले शिक्षणमा मात्र नभई पाठ्यक्रममा सुधार गर्न समेत योगदार दिन्छ ।

कार्यमूलक अनुसन्धानले सिद्धान्त र अभ्यासलाई जोड्ने कार्य गर्दछ । कार्यमूलक अनुसन्धानले सिद्धान्त र

अभ्यासबिचको अन्तर कम पार्न सक्छ (Burns, 2010, Faral 2004)। शिक्षकको आफ्नै सक्रिय र सहभागितामा शिक्षणमा सुधार गर्न शैक्षिक उपलब्धिको समालोचनात्मक पुनरावलोकन गर्न पनि यसले सहयोग गर्दछ । शिक्षा क्षेत्रमा केन्द्रीय स्तरबाट निर्माण गरिएका शिक्षाका योजना, कार्यक्रमलाई विविधतापूर्ण परिवेशमा लागु गर्दा विभिन्न खालका समस्याहरू आइपर्दछन् । यसरी पाठ्यक्रम र पाठ्यपुस्तकका सैद्धान्तिक पक्षलाई व्यावहारिक सन्दर्भले कक्षाकोठाको परिवेशमा कार्यान्वयन गर्दा आइपर्ने समस्यालाई समाधान गर्ने सिप र सक्षमता शिक्षकमा विकास गर्नका लागि कार्यमूलक अनुसन्धान एउटा महत्त्वपूर्ण आधार बन्दछ । यसरी कार्यमूलक अनुसन्धानले शिक्षकलाई परिवेशसम्बद्ध समस्याहरू समाधान गर्ने सिप विकासका लागि सहयोग पुऱ्याई शिक्षकको पेसागत विकासको सहयोगमा गर्दछ । Burns (2010) शिक्षकले जब सिकाइ सहजीकरणका क्रममा अन्यौलता, अनिश्चिाता, असन्तुष्टिको अनुभव गर्दछन्, शिक्षणसँग सम्बन्धित जल्दाबल्दा प्रश्न उठ्छन्, शिक्षकमा केही नयाँ गर्ने तथा केही नयाँपन दिने इच्छा जाग्छ, त्यहीँबाट कार्यमूलक अनुसन्धानको सुरुवात हुने तर्क गर्दछन् । कार्यमूलक अनुसन्धानको चर्चा गर्दै Dikilitas K. and Griffiths (2017) ले शिक्षण सिकाइमा आइपर्ने समस्याहरूको सम्बोधन गर्न तलदेखि माथिको ढाँचा अवलम्बन गर्ने, शिक्षकले काम गर्ने प्राकृतिक र वास्तविक परिवेशसँग मेल खाने, शिक्षकलाई स्वतन्त्र रूपमा शिक्षणका क्रममा आइपर्ने समस्याको समाधान गर्ने क्षमता विकास गर्ने बताउँछन् । त्यस्तै विद्वान् Wallace (1999) कार्यमूलक अनुसन्धानले अनुसन्धानमा माथिबाट तलको ढाँचालाई घुमाएर शिक्षकलाई नै विज्ञको रूपमा अनुसन्धानको नयाँ जिम्मेवारी सुम्पेको तर्क गर्दछन् । सिकाइ सहजीकरणका क्रममा देखा पर्ने मूलतः स्थानीय परिवेशसम्बद्ध समस्यालाई शिक्षकको सक्रियताका कारण पहिचान गरी समाधानसमेत गर्ने सिप र सक्षमताको विकास कार्यमूलक अनुसन्धानले गर्दछ । यसरी शिक्षणका क्रममा शिक्षकले भोग्ने तथा आफ्नो कक्षाकोठामा देखा परेका विशिष्ट खालका समस्याहरूलाई आफ्नै खोजी र प्रयासमा समाधान गर्दछ । यसले सिकाइ सहजीकरण प्रक्रियामा सुधार त हुन्छ नै शिक्षकमा समस्याबाट नभागी समाधानका लागि आफैँले प्रयास गर्ने बानीको विकास हुन्छ । कक्षाकोठाको परिवेश सिकारु, सिकाइ अभ्यास, कक्षा व्यवस्थापन लगायतका विषयमा गहिरो दृष्टि प्राप्त गर्ने भएकाले यसलाई शिक्षकको पेसागत विकासको समालोचनात्मक रणनीतिको रूपमा लिने गरिन्छ (Dikilitas K. and Griffiths, 2017) ।

कार्यमूलक अनुसन्धान शिक्षकलाई आफ्नै प्रयासमा शिक्षण सुधार गर्ने तथा स्वतन्त्र रूपमा पेसागत विकास गर्ने महत्त्वपूर्ण औजार हो । कार्यमूलक अनुसन्धान शिक्षकको शक्तिशाली मानसिक अभिवृत्ति हो, यसले शिक्षकलाई प्रतिबिम्बात्मक अभ्यासकर्ता बन्न जोड दिन्छ । यसले शिक्षकलाई निरन्तर अनुगमनपूर्ण चिन्तन र आफ्नै कार्यको परीक्षण गर्न विद्यार्थीसँगको अभ्यासलाई उत्कृष्ट बनाउने कार्यमा गर्द मद्दत गर्दछ (Pelton, 2020) । कार्यमूलक अनुसन्धानले शिक्षकलाई पेसागत रूपमा दक्ष, शिक्षणका क्रममा आइपर्ने समस्या सामाधान गर्न सक्षम तथा समाज, समय र परिस्थितिसँग परिचित गराउँछ । शिक्षण अभ्यास र अनुसन्धान नतिजाको समालोचनात्मक चिन्तन गर्न कार्यमूलक अनुसन्धानले प्रोत्साहन गर्दछ । यस्तो अनुसन्धानले खोजी र प्रतिबिम्बनलाई बढावा दिई कक्षाकोठाको शिक्षण अभ्यास सँगसँगै अनुसन्धानको परीक्षण गर्दै शिक्षक र विद्यार्थीको बुझाइमा वृद्धि गरी दुवैलाई परिवर्तनका लागि सघाउँछ (Burns, 2015) । यसले शिक्षकको आत्मविश्वास बढाउने, सहकर्मीसँगको सम्बन्ध बढाउने अनुसन्धान प्रक्रियाको बारेमा बुझाइ विकास गर्ने, प्रभावकारी शिक्षण अभ्यासको सिर्जना गर्ने तथा प्रयोगतर्फ उत्प्रेरित गर्ने गर्दछ (Osmanovic-Zajic et al., 2021)। यसरी कार्यमूलक अनुसन्धानमा संलग्न हुँदा शिक्षक पेसागत विकासमा सहभागी भइराख्ने, विद्यालको परिवर्तन र रूपान्तरणका लागि योगदान दिने तथा शिक्षणलाई पेसाका रूपमा विकास गर्न योगदान दिन सक्ने हुन्छन् ।

शिक्षणमा आइपर्ने समस्या समाधान गर्न सक्ने योग्यताको विकास गरी पेसागत मर्यादाको उचाइमा पुऱ्याउन अनुसन्धानात्मक कार्यकलापमा सहभागी गराउनुपर्दछ। कार्यमूलक अनुसन्धानको लक्ष्य शिक्षकलाई अनुसन्धानकर्ता बनाउनु भने होइन । कार्यमूलक अनुसन्धानको लक्ष्य शिक्षकलाई अनुसन्धानकर्ताको रूपमा विकास गर्ने नभई

शिक्षक विकास प्रक्रियामा एक सामधनको रूपमा रही शिक्षकककको विकास गर्नु हो (Wallace, 1999)। यस अनुसन्धानले शिक्षकलाई सिकाइ सहजीकरण कार्यका सिलसिलामा भोगेका समस्याहरूमा आधारित भई काम गर्दै सिक्ने अवसर प्रदान गर्दछ। शिक्षकमा अनुसन्धानको सैद्धान्तिक ज्ञान भएर मात्र पुग्दैन, शिक्षणमा अनुसन्धान अभ्यास गर्न, समस्याको छनोट गर्न र नतिजाको विश्लेषण गर्न व्यावहारिक ज्ञान पनि आवश्यक पर्दछ, जुन कार्यमूलक अनुसन्धानका सहायताले प्रदान गर्न सकिन्छ (Osmanovic-Zajic et al., 2021)।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा तयार पारिएको छ। गोरखा जिल्लाका सामुदायिक विद्यालयमा माध्यमिक तहमा कार्यरत पाँच जना नेपाली भाषा शिक्षकलाई उद्देश्यपूर्ण नमुना छनोट पद्धतिका आधारमा छनोट गरिएको छ। प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री सङ्कलन गरिएको छ। कार्यमूलक अनुसन्धान र शिक्षकको पेसागत विकासका सम्बन्धमा लेखिएका विभिन्न विद्वानका पुस्तक, लेख, आदिलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा तथा शिक्षकबाट व्यक्त विचारलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ। कार्यमूलक अनुसन्धानका सम्बन्धमा शिक्षकका दृष्टिकोण बुझ्न गहन अन्तर्वार्तालाई साधनको रूपमा उपयोग गरिएको छ। कार्यमूलक अनुसन्धानका सम्बन्धमा शिक्षकको दृष्टिकोण, शिक्षकका समस्या र अपेक्षाका सम्बन्धमा केही खुला प्रकृतिका प्रश्नहरू र अन्तर्वार्ता निर्देशिका निर्माण गरी सहभागीको उत्तरका आधारमा थप प्रश्नहरूसमेत गर्दै शिक्षकको दृष्टिकोण पहिचान गरिएको छ। अन्तर्वार्ताको रेकर्ड, रूपान्तरण गरी तिनको कोड, समूह तथा आशय (थिम) निर्माण गरी तिनको विश्लेषण गरिएको छ। विश्लेषणलाई पूर्वअध्ययनसँग समेत तुलना गर्दै निष्कर्षमा पुगिएको छ।

## प्राप्ति र छलफल

यस अनुसन्धानमा शिक्षकसँग गरिएको अन्तर्क्रियालाई कार्यमूलक अनुसन्धानसँग जोडेर मूलतः तीन ओटा पक्षहरूमा शिक्षकको धारणा स्पष्ट पार्ने कार्य गरिएको छ : क. कार्यमूलक अनुसन्धानका बारेमा शिक्षकको ज्ञान ख. पेसागत विकास तथा कक्षा शिक्षणमा कार्यमूलक अनुसन्धानको भूमिका र ग. कार्यमूलक अनुसन्धानका क्रममा शिक्षकको अनुभव। यस अनुसन्धानका प्राप्ति र छलफललाई निम्नानुसारका आशय (थिम) अन्तर्गत राखेर प्रस्तुत गरिएको छ :

### कार्यमूलक अनुसन्धान : समस्याकेन्द्रित तर समाधानमुखी अनुसन्धान

कार्यमूलक अनुसन्धानलाई शिक्षकको पेसागत विकासमा प्रभावकारी साधनको रूपमा उपयोग गर्न शिक्षकमा कार्यमूलक अनुसन्धानको स्पष्ट धारणा र यसप्रतिको विश्वास हुनु आवश्यक छ। कार्यमूलक अनुसन्धानको धारणा स्पष्ट भएमा मात्र शिक्षकहरू यस्तो अनुसन्धान किन, केका लागि र कसरी गर्ने भन्ने बारेमा स्पष्ट हुन्छन् भने यसले विद्यार्थीको सिकाइ उपलब्धि प्रक्रियामा सहयोग गरी आफ्नो पेसागत विकास गर्दछ भन्ने कुरामा विश्वस्त हुन सकेमा मात्र उनीहरू यसको उपयोगतर्फ अग्रसर हुन्छन्। कार्यमूलक अनुसन्धानको अवधारणा र प्रक्रियाका बारेमा प्रश्न गरिएको थियो। कार्यमूलक अनुसन्धानको अवधारणाका सम्बन्धमा एक सहभागीको विचार :

> *कार्यमूलक अनुसन्धान हामी शिक्षकले नै गर्ने अनुसन्धान हो। यसमा हामीले भोगेका समस्यालाई विषय बनाएर अनुसन्धान गरिन्छ। हामी आफैँले भोगेका समस्यामा यो आधारित हुन्छ। यसले गर्दा समस्याका बारेमा सोच्ने, समाधानका उपाय पत्ता लगाउने अभ्यास गर्दा समस्यासँग जुधेर अगाडि बढ्ने सिपको विकास हुन्छ। यो आफ्नै प्रयासमा र आफ्नै लागि गर्ने अनुसन्धान हो।*

कार्यमूलक अनुसन्धानको अवधारणाका बारेमा सोधिएको प्रश्नमा सबै सहभागीमा अवधारणागत स्पष्टता रहेको पाइयो। अवधारणागत स्पष्टता कार्यमूलक अनुसन्धान अगाडि बढाउनका लागि आवश्यक पूर्वसर्त नै हो। कार्यमूलक अनुसन्धानको बुझाइले यसप्रतिको उत्प्रेरणा र महत्त्वबोध रहेको समेत स्पष्ट हुन्छ।
यस अनुसन्धानका क्रममा कार्यमूलक अनुसन्धानको प्रक्रियाका बारेमा सहभागी शिक्षकको धारणा पहिचान गरिएको

थियो । कार्यमूलक अनुसन्धानको एक महत्त्वपूर्ण विशेषता सरल प्रक्रिया र यसको पुनरावृत्ति पनि भएकाले यसको स्पष्टताले अनुसन्धान कार्य सञ्चालनका लागि सहयोग गर्दछ । कार्यमूलक अनुसन्धानको प्रक्रियाका सम्बन्धमा सहभागीबाट व्यक्त विचार :

> *कार्यमूलक अनुसन्धान चक्रिय प्रकृतिको हुन्छ । यसमा योजना, कार्य, अवलोकन र प्रतिबिम्बन गरी चार चरण हुन्छन् । कुनै समस्याको समाधानका लागि गरिएको कार्यमूलक अनुसन्धानमा यो चरण अवलम्बन गरी कार्यान्वयन गर्दा समस्या समाधान नभएमा पुनः योजना निर्माण गरी कार्य, अवलोकन र प्रतिबिम्बन गरिन्छ । यो क्रम समस्याको समाधान नहुँदासम्म निरन्तर चलिरहन्छ ।*

अनुसन्धानका सहभागीमा कार्यमूलक अनुसन्धानका चरण र प्रक्रियाका बारेमा पनि स्पष्ट जानकारी रहेको पाइयो । कार्यमूलक अनुसन्धानमा मूल रूपमा चार चरण हुने र यसका यसलाई चक्रिय रूपमा समस्या समाधान नहुँदासम्म निरन्तर रूपमा कार्यान्वयन गरिरहने भन्ने अवधारणागत स्पष्टता सहभागीमा रहेको पाइयो । यी चरणअन्तर्गत गर्ने कार्य र तिनको प्रकृतिका बारेमा समेत सहभागीसँग जिज्ञासा राखिएको थियो ।
कार्यमूलक अनुसन्धानको अवधारणा र प्रक्रियाको बारेमा जानकारी रहेको भए पनि अनुसन्धानमा संलग्नताको कमीका कारण अनुसन्धान गर्ने कार्यमा भने सहभागी शिक्षकको आत्मविश्वासको कमी रहेको पाइयो । यसरी कार्यमूलक अनुसन्धान के हो र यसको प्रक्रिया कस्तो हुन्छ भन्ने विषयमा जानकार हुँदाहुँदै पनि अनुसन्धान गर्ने सिप भने सहभागी शिक्षकमा हुन नसकेको पाइयो ।

## अनुसन्धानमा उत्साह तर उपलब्धिको कार्यान्वयनमा सन्देह

कार्यमूलक अनुसन्धानमा शिक्षकको संलग्नता बढाइ यसका सहायताले सिकाइ सहजीकरण प्रक्रियामा प्रभावकारिता ल्याई पेसागत रूपमा दक्ष शिक्षकको रूपमा स्थापित गराउन शिक्षकलाई यसप्रति उत्साहित गराएर शिक्षकबाट बढीभन्दा बढी कार्यमूलक अनुसन्धान गराई अनुभवबाट सिक्ने परिस्थिति सिर्जना गर्नुपर्दछ । सहभागीको कार्यमूलक अनुसन्धानको सिकाइ शिक्षक तालिमका क्रममा र स्वाध्ययन गरी दुई तरिकाबाट भएको तथा कार्यमूलक अनुसन्धानलाई शिक्षकको पेसागत विकासको आधारको रूपमा उपयोग गर्ने गरी वर्षमा कम्तीमा एउटा कार्यमूलक अनुसन्धान गर्नुपर्ने अवस्थाका बिचमा पर्याप्त मात्रामा कार्यमूलक अनुसन्धानमा सहभागिता रहेको पाइएन । सहभागीमध्ये अत्यन्तै कम शिक्षकले मात्र वर्षमा एकभन्दा बढी कार्यमूलक अनुसन्धान गर्ने गरेको प्रतिक्रिया दिएका थिए । यस सम्बन्धमा एक जना सहभागीको विचार यस्तो थियो :

> *हाम्रो बढुवाका लागि कार्यमूलक अनुसन्धानको अङ्कभार अत्यन्त कम रहेको, कार्यमूलक अनुसन्धान गरी त्यसबाट प्राप्त निष्कर्षलाई विद्यालयमा प्रस्तुत गर्ने र प्रतिवेदन निर्माण र सार्वजनिकीकरण गर्ने विद्यालयमा संस्कार नभएका कारण वर्षको एउटा मात्र कार्यमूलक अनुसन्धान गर्दछु । ... अझ नढाँटी भन्ने हो भने हामीले बनाएको अनुसन्धान प्रतिवेदन कसैले नपढ्ने र मूल्याङ्कन नगर्ने भएकाले एउटै प्रतिवेदनलाई मिति परिवर्तन गरेर पटक पटक बुझाएको पनि मैले देखेको छु ।*

शिक्षक बढुवाका लागि प्रदान गरिने अङ्क कम भएको तथा विद्यालयमा कार्यमूलक अनुसन्धान गर्ने वातावरण नभएको कारण शिक्षकमा कार्यमूलक अनुसन्धानप्रति उत्साह नभएको देखिन्छ । एक सहभागीले आफू स्थायी शिक्षकको नियुक्ति लिएपछि तालिमपछि विद्यालयमा शिक्षण गर्ने क्रममा कार्यमूलक अनुसन्धान गरी प्रतिवेदन स्टाफ मिटिङमा प्रस्तुत गर्दा कसैले ध्यान तथा चासो नदिएको बरू खिसिको विषय बनेको समेत गुनासो गरे । अनुसन्धानमाका सबै सहभागीले हालसम्म एकपटक पनि कसैबाट पनि अनुसन्धानका लागि वृत्ति प्राप्त गरेको अवस्था देखिएन । अर्का सहभागीले कार्यबोझका कारण कार्यमूलक अनुसन्धान गर्न कठिनाइ भएको विचार व्यक्त गरे । कार्यमूलक अनुसन्धानबाट शिक्षकको पेसागत विकास गरी सिकाइमा सुधार गर्न शिक्षकलाई बढीभन्दा बढी अनुसन्धानमा सहभागी गराउन प्रोत्साहन गर्नुपर्नेमा कार्यमूलक अनुसन्धानको मूल्याङ्कन, विद्यालयको संस्कृति, बुझाइ र व्यवहारका बिचको भिन्नता, अनुसन्धान वृत्तिको अभाव तथा अधिक कार्यबोझले नकारात्मक भूमिका खेलेकाले तिनको न्युनीकरण गर्नुपर्ने देखिन्छ । अत्यन्त कम (दुई जना) सहभागीले मात्रै कार्यमूलक अनुसन्धानमा

निरन्तर सहभागी भई त्यसको नतिजा सिकाइमा प्रयोग गरेको दृष्टान्त प्रस्तुत गरेका थिए । कार्यमूलक अनुसन्धानमा संलग्नताबाट आफूमा 'शिक्षणमा आइपर्ने समस्याप्रतिको हेराइ, र अनुसन्धान सिपको विकास' का कारण शिक्षणप्रतिको जिम्मेवारी, सक्षमता र अनुसन्धान प्रतिको चासो र उत्सुकता बढेको अनुभव बताएका थिए । यसबाट शिक्षकलाई कार्यमूलक अनुसन्धानमा सहभागी गराउँदा उनीहरूमा अनुसन्धानप्रतिको चासो, चिन्तन तथा समस्या समाधानको वैज्ञानिक प्रक्रियाको सुझ विकास भई सक्षम, योग्य शिक्षकको विकासमा योगदान पुग्ने देखिन्छ ।

## व्यावहारिक सिप र अनुभवको कमीः समय र स्रोतको पावन्दी

शिक्षकको पेसागत विकासका क्रममा कार्यमूलक अनुसन्धानलाई प्रभावकारी रूपमा उपयोग गर्न यससँग सम्बन्धित समस्यालाई समाधान गर्नुपर्दछ । कार्यमूलक अनुसन्धानका सम्बन्धमा शिक्षकलाई सहजीकरण गर्दा शिक्षकमा रहेका समस्याको पहिचान गरी तिनै समस्याको समाधान हुने गरी सहजीकरण गर्न सकेमा प्रभावकारी हुन्छ । यस अनुसन्धानका क्रममा सहभागी शिक्षकले कार्यमूलक अनुसन्धानका विभिन्न समस्याहरू रहेको उल्लेख गरे । कार्यमूलक अनुसन्धानको समस्याका बारेमा सहभागीको विचार :

> *कार्यमूलक अनुसन्धानका गर्नका लागि केही समस्या छन् । यसको सञ्चालन तरिकाबारे जानकारी भए पनि व्यावहारिक ज्ञानको कमीका कारण अलि डर लाग्छ । हामीले अनुसन्धान गर्ने तरिका, निकालेको निष्कर्ष सही छ वा छैन भनेर मूल्याङ्कन गरी पृष्ठपोषण दिने कार्य नहुँदा एकोहोरो गराई मात्र भएको छ । कार्यबोझका कारण अनुसन्धानका गर्न कठिनाइ एकातिर छ भने अर्कातिर अनुसन्धानका लागि कुनै वृत्ति उपलब्ध नहुँदा निरन्तर र विद्यालय स्तरका समस्यामा आधारित भई अनुसन्धान गर्न आर्थिक अभाव हुने गरेको छ ।*

यसरी कार्यमूलक अनुसन्धानका क्रममा शिक्षकलाई समय, आर्थिक अभाव र उक्त अनुसन्धानको औचित्य र व्यावहारिक ज्ञान एवम् निरन्तर पृष्ठपोषण र अभ्यासको कमीका कारण यसप्रतिको गहन सिप नहुँदा समस्या उत्पन्न भएको देखिन्छ । अनुसन्धानका सहभागीमध्ये केहीले मात्र कार्यमूलक अनुसन्धान गर्ने सिप नजान्दा समस्या भएको उल्लेख गरे भने अधिकांश शिक्षकले समयको अभाव, आर्थिक अभावलाई समस्याको रूपमा रहेको बताए । समग्रमा कार्यमूलक अनुसन्धानको कार्यप्रक्रियाको व्यावहारिक ज्ञान, कार्यबोझ, कार्यमूलक अनुसन्धानको परिणाम सार्वजनिक छलफल, पृष्ठपोषणको संस्कार नभएको तथा प्रतिवेदन सार्वजनिकीकरण र अनुसन्धान गरेवापतको प्रोत्साहन र वृत्ति उपलब्ध नहुनुलाई पनि समस्याका रहेका देखिएकाले यी समस्याको समाधान गरी शिक्षकलाई निरन्तर सिकाइतर्फ अग्रसर गराएर पेसागत रूपमा दक्ष शिक्षकका रूपमा स्थापित गर्नका लागि कार्यमूलक अनुसन्धानलाई उपयोग गर्नु आवश्यक रहेको देखिन्छ ।

## नामअनुसारको काम

कार्यमूलक अनुसन्धानमा शिक्षकलाई दक्ष बनाउन शिक्षकको मागअनुसार उनीहरूले भोगेका समस्या तथा उनीहरू आफूले कार्य गर्दा विद्यमान अस्पष्टतालाई निवारण गर्ने गरी सहजीकरण गर्न सकेमा अपेक्षित लाभ लिन सकिन्छ । यस अनुसन्धानात्मक लेखमा कार्यमूलक अनुसन्धानलाई थप प्रभावकारी बनाई शिक्षकको पेसागत विकास र सिकाइ उपलब्धि सुधारको महत्त्वपूर्ण साधनका रूपमा उपयोग गर्न शिक्षकका अपेक्षासम्बन्धी गरिएको प्रश्नमा शिक्षकले 'विषयगत रूपमा कार्यमूलक अनुसन्धानका उपयुक्त नमुनासहितको सहजीकरण भएमा सहयोग पुग्ने' विचार व्यक्त गरे । अधिकांश शिक्षकको प्रतिक्रिया 'कार्यमूलक अनुसन्धानको संस्कृति नहुनुमा 'कार्यमूलक अनुसन्धानवापतको बढुवामा कम अङ्कभार हुनुलाई तथा कार्यमूलक अनुसन्धानको  मान्दै शिक्षकको वृत्ति विकासका सन्दर्भमा यसलाई बढी अङ्कभार विभाजन गर्नुपर्ने' तर्क गरेका थिए । कार्यमूलक अनुसन्धानलाई प्रभावकारी रूपमा सञ्चालन गर्नपर्ने उपायका सम्बन्धमा एक सहभागीको विचार :

> *सिकाइ सहजीकरणका सम्बन्धमा नियमित अनुगमन, कार्यमूलक अनुसन्धानलाई सिकाइ सहजीकरणको अभिन्न अङ्गको रूपमा विकास गर्न सक्नुपर्दछ । यसो भएमा हामीमा अनुसन्धान सिपको विकास हुन्छ*

*एकातिर भने अर्कातिर त्यही सिपका माध्यमले हाम्रो पेसागत विकास अनि विद्यार्थीको सिकाइ उपलब्धिमा पनि सुधार हुन पुग्छ । हाम्रो अपेक्षाअनुसार नभई नाममात्रको अनुसन्धानको व्यवस्था भएकाले त्यसैअनुसार को हामी शिक्षकको गराई पनि भएको छ ।*

यसरी कार्यमूलक अनुसन्धानका सम्बन्धमा गरिएको सिकाइ र उपदेयताको व्यवस्था र त्यसको कार्यान्वयन अनि अनुगमनका कार्य प्रभावकारी नहुँदा शिक्षकका अपेक्षा पूरा हुन सकेका छैनन् । शिक्षकका अपेक्षा पूरा हुन नसक्दा शिक्षकले यसको पेसागत विकास तथा विद्यार्थीको सिकाइ उपलब्धिगत औचित्यलाई गम्भीरतापूर्वक लिन सकेका छनैन् ।

सिकाइ सहजीकरणमा कार्यमूलक अनुसन्धानको सञ्चालन र उपयोगको कार्य मूलत: शिक्षकले गर्ने भएकाले यससम्बन्धी व्यवस्था शिक्षकको अपेक्षाअनुसार गरेर यसलाई सिकाइ सहजीकरणको अभिन्न अङ्ग बनाई शिक्षकको पेसागत विकासका साथै विद्यार्थीको सिकाइ उपलब्धि सुधारको प्रमुख साधनका रूपमा उपयोग गर्नुपर्दछ ।

## पेसागत विकासको आधार : कार्यमूलक अनुसन्धान एक औजार

कार्यमूलक अनुसन्धान शिक्षकको पेसागत विकासको महत्त्वपूर्ण आधारका रूपमा उपयोगमा आउने साधन हो । शिक्षकको पेसागत विकासका लागि कार्यमूलक अनुसन्धानले शिक्षक स्वयम्को प्रयासमा शिक्षणका क्रममा आइपर्ने समस्यालाई समाधान गर्ने सक्षमता विकास गरी पेसागत विकासका लागि योगदान दिन्छ । यस सन्दर्भमा सहभागी शिक्षकको प्रतिक्रिया यसप्रकार थियो :

*कार्यमूलक अनुसन्धानले हामीलाई शिक्षणमा आइपर्ने समस्याका बारेमा चिन्तन गर्न अग्रसर गराउँछ, जब हामी कार्यमूलक अनुसन्धानमा संलग्न हुन्छौँ तब हामीलाई शिक्षणका क्रममा आइपर्ने समस्याबाट नभागी उक्त समस्या किन आइपऱ्यो ? उक्त समस्याले गर्दा सिकाइमा कस्तो असर पुगेको छ ? केकस्ता उपाय अवलम्बन गरी समस्याको समाधान गर्न सकिन्छ ? जस्ता पक्षमा व्यवस्थित ढङ्गले सोचविचार गरी समाधान गर्न सहयोग गर्दछ जसबाट समस्याबाट नभागी समस्या समाधान गर्ने आत्मविश्वास बढ्दछ ।*

यसरी कार्यमूलक अनुसन्धानले शिक्षकलाई शिक्षणमा आइपर्ने समस्याबाट नभागी तिनको व्यवस्थित ढङ्गले अध्ययन गरी समाधन गर्ने आत्मविश्वास बढाउने देखिन्छ । यसरी शिक्षणका समस्या समाधान गरी प्रभावकारी रूपले शिक्षण गर्नु भनेको शिक्षकको पेसागत विकास हुनु हो । Wulandari, Narmaditya, Utomo, and Prayitno (2019) को अध्ययनले कक्षाकोठामा आइपर्ने समस्याको समाधान गर्न, विद्यार्थीमा समालोचनात्मक चिन्तनको विकास गर्न, विद्यार्थी उत्प्रेरणामा वृद्धि गर्न, विद्यार्थीका क्रियाकलापमा बढोत्तरी ल्याउन, विद्यार्थीका उपलब्धि बढाउन, शिक्षकको आत्मविश्वास बढाउन उपयोगी हुने निष्कर्ष निकालेको छ ।

शिक्षकको पेसागत विकासका लागि अरूबाट सिकाउने परम्परागत ढाँचामा परिवर्तन गरी आफ्नै प्रयासमा सिकाइतर्फ अग्रसर हुने नवीन ढाँचामा अग्रसर हुन कार्यमूलक अनुसन्धानले सहयोग गर्दछ । यसबाट शिक्षकमा आफ्नो कार्यको स्वप्रतिबिम्बन गर्ने तथा समस्या समाधानका लागि विविध खालका प्रयास गर्ने गर्दछ जसबाट शिक्षक निरन्तर पेसागत विकासमा अग्रसर हुने गर्दछन् । यस सम्बन्धमा सहभागी शिक्षकको धारणा यसप्रकार थियो :

*कार्यमूलक अनुसन्धानका कारण हामी निरन्तर सिकाइतर्फ अगाडि बढ्दछौँ । अरूले सिकाउने भन्दा पनि आफ्नै प्रयासमा सिक्न अग्रसर हुन्छौँ । शिक्षण सिकाइका क्रममा निरन्तर रूपमा समस्या आइपर्ने र कार्यमूलक अनुसन्धानका क्रममा तिनको समाधानका लागि निरन्तर खोजीमा लाग्ने हुँदा यसले हामीलाई निरन्तर रूपमा सिकाइमा अग्रसर गराई सिकाइमा अग्रसर गराउँछ । यसबाट हामी पेसागत पेसागत विकासका कार्यमा संलग्न हुन्छौँ अनि अनुसन्धानकर्ताका रूपमा समेत आफूलाई प्रस्तुत गर्दछौँ । यसबाट हामी ज्ञानको प्रशारणकर्ता मात्र नबनी ज्ञान निर्माणकर्ताका रूपमा भूमिका निर्वाह गर्दछौँ ।*

कार्यमूलक अनुसन्धानले शिक्षकलाई निरन्तर पेसागत विकासको मार्गमा अग्रसर गराउन सहयोग गर्ने देखिन्छ । कार्यमूलक अनुसन्धानका क्रममा शिक्षकले कक्षाकोठामा आइपर्ने समस्याहरूको कारण खोज्छन्, समाधानका उपायहरू निकाल्दछन् र त्यसलाई प्रयोग गर्दछन् । यस क्रममा उनीहरूमा शिक्षणका समस्या समाधान गर्ने सिपको विकास हुन्छ । शिक्षणमा निरन्तर समस्या आइरहने, कार्यमूलक अनुसन्धानमा संलग्न शिक्षक निरन्तर यस्ता कार्यमा संलग्न भइराख्ने हुँदा सिकाइको क्रम पनि निरन्तर चलिरहने हुँदा शिक्षकको पेसागत विकास भइरहने प्रतिक्रिया सहभागीबाट व्यक्त भयो । Bozkus & Bayrak (2019) को अध्ययनले पनि जीवनपर्यन्त सिकाइ र निरन्तर पेसागत विकासको दृष्टिकोणले शिक्षकका समस्याहरूलाई आलोचनात्मक रूपले विचार गर्ने, प्रतिबिम्बन र मूल्याङ्कन गर्ने क्षमता विकास गर्ने, प्रत्येक विद्यार्थीको शैक्षिक उन्नतिको लागि अवसर प्रदान गर्ने तथा शिक्षकको आफ्नै शिक्षण कलामा सुधार गर्ने कार्य शिक्षक एक अनुसन्धानकर्ता हुँदा मात्र सम्भव हुने भन्ने देखाएको छ ।

## निष्कर्ष

यस अध्ययनका क्रममा गरिएको पूर्वसाहित्यको अध्ययन, अध्ययनका क्रममा सहभागीबाट व्यक्त विचार र आफ्नै अनुभवसमेतका आधारमा पेसागत विकास सदैव जारी रहने कार्य भएकाले आवधिक तालिम र निश्चित समयका कार्यमा सीमित नगरी शिक्षण पेसाका अभिन्न अङ्गका रूपमा विकास गर्नुपर्ने र त्यसका लागि कार्यमूलक अनुसन्धान एक राम्रो र प्रभावकारी साधनका रूपमा उपायेग हुने देखिन्छ । कार्यमूलक अनुसन्धान शिक्षक तालिमका क्रममा समावेश भएको, शिक्षक शिक्षाको पाठ्यक्रममा समावेश गरिएको तथा शिक्षकको वृत्तिविकासका सन्दर्भमा अनिवार्य विषयका रूपमा समावेश गरिएका कारण शिक्षक कार्यमूलक अनुसन्धानको धारणा, प्रक्रिया र उपदेयताका सम्बन्धमा स्पष्ट भए पनि प्रभावकारी ढङ्गले निरन्तर रूपमा अनुसन्धान कार्यमा संलग्नता नभएका कारण कार्यमूलक अनुसन्धानकालागि स्पष्ट सिप नहुँदा आत्मविश्वासको कमी भएको पाइयो । Wulandari, Narmaditya, Utomo, and Prayitno (2019) द्वारा गरिएको अध्ययनले पनि कार्यमूलक अनुसन्धानलाई कक्षाकोठामा कार्यान्वयनका सन्दर्भमा समस्याको पहिचान, पूर्वअध्ययनको प्रस्तुतीकरण, तथ्यको विश्लेषण जस्ता पक्षमा समस्या आएको देखाएको थियो । नेपालको विद्यालय तहका शिक्षकमा कार्यमूलक अनुसन्धानको अवधारणा र यसको उपदेयताका सम्बन्धमा स्पष्टता भए पनि यसको कार्यान्वयनका सन्दर्भमा शिक्षकको कार्यबोझ, अनुसन्धानको वातावरणको अभाव, अनुसन्धानका लागि वृत्ति उपलब्ध नहुनु तथा अनुसन्धानलाई शिक्षकको वृत्ति विकाससँग जोड्न नसक्नु जस्ता कारणले कार्यमूलक अनुसन्धानलाई प्रभावकारी ढङ्गले उपयोग गर्न नसकिएको कारण कार्यमूलक अनुसन्धानको सीपको विकास हुन नसकेको निष्कर्ष यस अनुसन्धानबाट पनि निकालिएको छ । कार्यमूलक अनुसन्धानका माध्यमबाट सिकाइ सहजीकरण प्रक्रियालाई प्रभावकारी बनाई निरन्तर पेसागत विकासको माध्यमका रूपमा उपयोग गर्न शिक्षकमा अनुसन्धान सिप विकास गर्न प्रयोगमै आधारित तालिम, गोष्ठी, सेमिनार तथा त्यसको पुनरावलोकनको व्यवस्था गर्नु आवश्यक छ । यसका साथै शिक्षकको वृत्तिविकासका सन्दर्भमा पनि कार्यमूलक अनुसन्धान र यससँग सम्बन्धित कार्यलाई बढी महत्त्व दिनु आवश्यक देखिन्छ । Van-Trung, Anh-Choung & Ngoc-Bich (2022) को अध्ययनले समेत शिक्षक र प्रशासकको शैक्षिक कार्यमूलक अनुसन्धान सिप विकास गर्नका लागि तालिम कार्यक्रम, प्रस्तावलेखन, तथ्य सङ्कलन, अध्ययनको ढाँचा चयन र प्रस्तुतिसम्बन्धी सेमिनार, गोष्ठी सञ्चालन गर्न तथा अनुसन्धान सिप विकास गर्ने खालको नीतिनिर्माणमा जोड दिनुपर्ने निष्कर्ष प्रस्तुत गरेको छ । समग्रमा कार्यमूलक अनुसन्धानका माध्यमबाट शिक्षकको पेसागत सुधार गरी यसका माध्यमबाट शिक्षकलाई निरन्तर पेसागत सुधारमा संलग्न गराउनका लागि कार्यमूलक अनुसन्धानका बारेमा गोष्ठी, कार्यशाला आदि गराई प्रभावकारी सिप विकास गराई वृत्तिविकासको आधारका रूपमा समेत यसलाई उपयोग गरी समग्र शिक्षण प्रक्रियालाई अनुसन्धानमा आधारित बनाउनु आवश्यक देखिन्छ ।

*(**श्री महेन्द्र न्यौपाने,** त्रिभुवन विश्वविद्यालय, गोरखा क्याम्पस, गोरखामा नेपाली शिक्षा विषयमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।)*

## सन्दर्भसामग्री

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६२) *शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतको जनशक्ति विकासका निमित्त* : तालिम नीति, लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६२) *शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतको जनशक्ति विकासका निमित्त* : तालिम नीति, लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७१) *नेपाली भाषा शिक्षण स्रोत सामग्री (माध्यमिक तह),* लेखक ।

Bozkus, K. & Bayrak, C. (2010). The Application of the Dynamic Teacher Professional Development Through Experimental Action Research.*International electronic journal of elementary education,* 11(4), 335-352.

Burns, A. (2010). *Doing action research in English language teaching*: A guide for practitioners. New York: Routledge.

Burns AC, (2015). , 'Action research', in Brown JD; Coombe C (ed.), *The Cambridge guide to research in language teaching and learning,* Cambridge University Press, Cambridge, 99 - 104.

Castro Garces, A. Y., & Martinez Granada, L. (2016). The role of collaborative action research in teachers' professional development. Profile Issues in Teachers' Professional Development, 18(1), 39-54.

Diaz-Maggioli, G. (2004). *Teacher-centered professional development.* ASCD.

Dikilitas K. and Griffiths C. (2017) *Developing language teacher autonomy through action research.* Switzerland: Springer Nature.

Baumann, J. F., & Duffy, A. M. (2001). Teacher-researcher methodology: Themes, variations, and possibilities. The Reading Teacher, 54(6), 608-615.

Cochran-Smith, M., & Lytle, S. L. (2009). *Inquiry as stance:* Practitioner research for the next generation. Teachers College Press.

Baskerville, R. (1999). *Investigating information systems with action research. Communications of the Association for Information Systems,* 2 (19). DOI: 10.17705/1CAIS.00219

Bharati, P. L. and Chalise, S. (2017). Teacher Development: Strategies and Perception. *The Saptagandaki Journal,* VIII. 69-78.

Dikilitas, K. and Bostancioglu A. (2019). *Inquiry and research skills for language teachers.* Switzerland: Springer Nature.

Edwards, E., & Burns, A. (2016). Language teacher action research: Achieving sustainability. *ELT Journal,* 70(1), 6-15.

Farrell, T. S. C. (2004). *Reflective practice in action.* Thousand Oaks, CA: Corwin Press.

Lysaker, J. & Thompson, B. (2013). Teacher research as a practical tool for learning to teach. *Language Arts,* 90(3), 181-191.

Moran, M. J. (2007). Collaborative action research and project work: Promising practices for developing collaborative inquiry among early childhood preservice teachers, *Teaching and Teacher Education,* 23 (4), 418-431.

Mohan. P.P., Lingam, G. I. and Chand. D. D. (2017). Teachers' perceptions of the impact of professional development on learning and teaching in a developing nation. *Australian Journal of Teacher Education,* 42 (11), 18-33.

Mohammadi, M. and Moradi, K. (2017). Exploring Change in EFL teachers' perceptions of professional development. *Journal of Teacher Education of Sustainability,* 19(1). 22-42.

Mahmoudia, F. & Ozkan, Y. (2015). Exploring experienced and novice teachers' perceptions about professional development activities. GlobELT: *An International Conference on*

*Teaching and Learning English as an Additional Language*, Antalya : Turkey.

Norton, L. S. (2009). *Action research in teaching learning.* USA: Routledge Publication.

Osmanović-Zajic, J., Mamutovic, A. & Maksimovic, J. (2021). The role of action research in teachers' professional development, I*nternational Journal of Cognitive Research in Science,* Engineering and Education (IJCRSEE), 9(3), 301-317.

Orit Avidov-Ungar (2016) A model of professional development: teachers' perceptions of their professional development. *Teachers and Teaching.* 22(6), 653-669.

Ovens, P. (2000). Teacher researcher as for basis for teaching: A part of our future? Education in Science, 8(2), 14-25.

Pelton, R. P. (2010). *Action research for teacher candidates.* USA: Rowman and lifefield Publishers.

Pine. G. J. (2009). *Teacher action research: building knowledge democracies.* Pennsylvania: Sage publications.

Richard, J.C. and Farrell T.S.C. (2005). *Development for Language Teachers: Strategies for Teacher Learning.* UK: Cambridge University Press.

Souto-Manning, M. (2012). *Teacher as researcher: Teacher action research in teacher education. Childhood Education,* 88(1). pp. 54-56.

Taylor, L. A. (2017). *How teachers become teacher researchers:* Narrative as a tool for teacher identity construction. Teaching and Teacher Education, 61, 16-25.

Van-Trung T., Anh-Chuong H.L. & Ngoc-Bich V.T. (2022). High school administrators' and teachers' perceptions of their educational action research skills. *Journal for Educators, Teachers and Trainers,* 13(1). pp. 110 – 117.

Wallace, M. J. (1999). Action research for language teacher. UK: Cambridge University Press.

Wulandari, D., Narmaditya, B. S., Utomo, H.S. , and Prayitno, P.H. (2019), Teachers' Perception on Classroom *Action Research, International Conference on Economics, Education, Business and Accounting, KnE Social Sciences,* 313–320.

Zeichner, K. M. (2009). *Teacher education and the struggle for social justice.* New York: Routledge.